

# नेपाली मजदुर आन्दोलनकी अनसनी बज्यै : नन्दा नेपाल



- बिना श्रेष्ठ

**नेपालको राजनीतिक परिवर्तन**का लागि भएका विभिन्न आन्दोलनमध्ये श्रमिक आन्दोलन पनि एक महवपूर्ण आन्दोलन हो । नेपालमा १९९२ सालमा सबभन्दा पहिला उद्योग स्थापना भएको थियो भने २००१–२००३ सालबीच उद्योगमा काम गर्ने मजदूरहरू संगठित रूपमा काम गर्न थालेका थिए । नेपालमा मजदुर आन्दोलनको संगठित आन्दोलनको इतिहासलाई हेर्ने हो भने २००३ साल फागुन २० (४ मार्च १९४७) मा विराटनगर जुट मिल र मोरङ कटन मिलमा पहिलो मजदुर हडतालबाट शुरु भएको थियो । यस आन्दोलनको नेतृत्व नेताहरू मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाले गरेका थिए। जुन आन्दोलन सचेत र मागको सुस्पष्टताको हिसाबले महत्वपूर्ण थियो। आन्दोलनमा मजदुरहरूको दैनिक जीवनसँग सरोकार राख्ने विषयहरू उठाइएको थियो । मागहरूमा– बोनस, तलबवृद्धि, स्वास्थ्य परीक्षण, विदा, आवास, महिलाका लागि सुत्केरी बिदा, शिशुस्याहार केन्द्र, समान कामको समान ज्याला आदि थिए ।

आन्दोलनमा मजदूरहरूको दैनिक जीवनसँग सरोकार राख्ने विषयहरूमा उठाइएको मागहरूमा महिलाका लागि सुत्केरी बिदा, समान कामको समान ज्याला, शिशु स्याहार केन्द्रजस्ता महिला मजदूरसम्बन्धी मागहरू समावेश थियो। महिला मजदूरहरू नीति निर्माण तहमा संगठित नभए पनि त्यति बेला कार्यस्थलमा महिला मजदुरहरूको समस्यालाई ध्यानमा राखी महिलासम्बन्धी मागहरू समावेश गरिएको थियो । मोरङको कटन मिलमा महिला श्रमिकको सङ्ख्या अत्यधिक नै थिए । त्यस्तै, विराटनगर जुट मिलमा पनि महिला श्रमिकहरू थिए। त्यतिबेला संगठनको नीति निर्माणमा महिलाहरू त थिएनन्, तर महिलाहरूले आन्दोलनमा अग्रपङ्क्तिमा रहेर संघर्षमा भाग लिएका थिए।

२००३ सालमा नेपाली श्रमजीवीहरूको संगठित आन्दोलन सुरु भएदेखि नै आन्दोलनमा महिलाहरूको सहभागिता रहँदै आएको थियो । श्रमजीवी महिलाहरू राणाविरोधी आन्दोलनका साथै प्रजातन्त्र ल्याउनका लागि समेत पुरुष सहभागीको काँधमा काँध मिलाई आन्दोलनमा उत्साहका साथ सहभागी भएका थिए । महिला श्रमिकहरू आन्दोलनका हरेक कार्यक्रमहरू जुलुस, सभाहरूमा सक्रिय सहभागिता भएको र प्रहरीहरूसँग बहादुरीपूर्वक

लडेको कुरा तत्कालीन मजदूर आन्दोलनका नेता मनमोहन अधिकारी र गिरिजाप्रसाद कोइरालाले बताउनुहुन्थ्यो ।

२००७ सालमा राणा शासनको अन्त्यपछि विराटनगरमा मजदूरहरू आफ्नो अधिकार प्राप्तिका लागि अझ सक्रिय र संगठित रूपमा अगाडि बढन थाले । त्यही क्रममा विराटनगर जुट मिलमा कार्यरत मजदुरहरूलाई कामबाट निष्कासन गरी कारखाना बन्द गरियो । बन्द कारखाना खुलाउन र निष्कासित मजदुरलाई पुनर्बहालीको लागि धेरै आन्दोलनहरू भए तर समस्या समाधान हुन सकेन । त्यसपछि तीन जना मजदुर महिलाहरू नन्दा नेपाल, रुक्मणी आचार्य र राधादेवी पौडेल आमरण अनसनमा बस्नुभयो ।

लगातार २७ दिनको अनशनपछि कारखाना खुलाएर सबै निष्कासित मजदूरहरू पुनर्बहाली गराउने शर्तमा अनसन तोड्नुभयो । यी तीन जना साहसी बहादुर योद्धाहरूलाई श्रमजीवी आन्दोलन र महिला आन्दोलनले समेत प्रेरणाको श्रोतको रूपमा लिएको छ । जतिबेला महिलाहरूलाई समाजमा दोस्रो दर्जाको नागरिक जस्तो व्यवहार गरिन्थ्यो, घरभित्र मात्र सीमित हुनुपर्ने अवस्था थियो । समाजका सबै ठाउँमा नै महिलाको अस्तित्व नै स्वीकार नगरिने अवस्था थियो, त्यो समय । तत्कालीन परिस्थितिमा महिलाहरूले त्यसरी आँट हिम्मतका साथ आफ्नो जीवनको समेत परवाह नगरी आमरण अनसन बसेर बन्द कारखाना खुलाई निष्कासित सम्पूर्ण मजदूरलाई पुनर्बहाली गराउन सफल भएका थिए । त्यतिबेलामा २७ दिनसम्म अनशन बस्नु कुनै चानचुने कुरा थिएन ।

नन्दा नेपाल १९७० मा ओखलढुङ्गामा जन्मनुभएको थियो । उहाँले विराटनगरमा गिरिजाप्रसाद कोइरालाका बुबा कृष्णप्रसाद कोइरालाको घरमा १९९३ सालदेखि भान्छेका रूपमा काम गर्न थाल्नुभएको थियो । विराटनगरमा कोइराला परिवारमा भान्छेकै रूपमा काम गरिरहेकै अवस्थामा कृष्णप्रसाद कोइरालाले उहाँलाई ताप्लेजुङ्गका एक जना पण्डितसँग विवाह गरी पठाइदिनु भयो । उहाँको एक छोराको जन्म भयो । तथापि नन्दा नेपालको श्रीमान् र घरपरिवारसँगको सम्बन्ध राम्रो भएन । उहाँ ताप्लेजुङमा घरबार गरी बस्न

सक्नुभएन । दुई महिनाको छोरा नारायणलाई आफूसँगै लिएर उहाँ फेरि विराटनगरमा कृष्णप्रसाद कोइरालाकै घरमा आएर बस्नुभयो र भान्छेको काम गर्न थाल्नुभयो । उहाँले आफ्नो दुई महिनाको छोरालाई आफुसँगै राखेर हुर्काउनु भयो । नन्दा नेपालले कृष्णप्रसाद कोइरालाको भान्छे भए बापत त्यस समयमा महिनाको एक रूपैयाँ पाउनुहुन्थ्यो । तर, विराटनगर जुट मिलमा काम गर्दा हप्ताको तीन रूपैयाँ पाइन्छ भन्ने कुरा उहाँले थाहा पाउनुभयो । त्यसपछि नन्दा नेपाललाई विराटनगर जुट मिलमा काम गर्न पाए हुन्थ्यो भन्ने चाहना भयो ।

कोइराला परिवारकै सहयोगमा नन्दा नेपालले २००५ सालदेखि विराटनगर जुट मिलमा काम गर्न थाल्नुभयो । २००७ सालको आन्दोलनकै क्रममा जुट मिल बन्द गरियो । त्यहाँ काम गर्ने धेरै मजदूरहरूको रोजगारी खोसियो । मजदूरहरू आन्दोलनमा उत्रिए । धेरै संर्घष गरे, तर समस्या समाधान भएन । कारखाना खोल्ने माग सहित दुई मजदुरहरूको साथमा उहाँ कारखानाको प्राङ्गणमा आमरण अनशन बस्नुभयो । २७ दिनको लगातार अनसन पछि उहाँहरूले अनसन तोड्नुभयो । सबै निष्कासित मजदूरहरूको पुनर्वहाली भयो । यो सफल आन्दोलनको नेतृत्व नन्दा नेपालले गर्नुभएको थियो । यस आन्दोलनको सफलता पछि विराटनगर मिल्स एरियामा उहाँ नन्दा नेपाल भन्दा पनि “अनसन्नी बज्यै”को नाममा बढी चिनिनुभयो । त्यसपछि उहाँले २०२९ सालसम्म लगातार कारखानामा काम गर्नुभयो । २०२९ सालमा कारखानाबाट अवकास पाउनुभयो । त्यतिबेलासम्म उक्त क्षेत्रमा उहाँको नाम आन्दोलनकारीको रूपमा बनिसकेको थियो । उहाँ कामबाट अवकास पाइसकेपछि पनि आन्दोलनमा सहभागी हुन छोड्नुभएन । निरन्तर आन्दोलनमा सहभागी भइरहनुभयो ।

२०३२ सालमा भएको विराटनगरको मजदूर आन्दोलनमा पनि उहाँ सक्रिय रूपमा सहभागी हुनुभयो । त्यतिबेला दर्जनौ महिलाहरूको टाउको फुटेको थियो । उहाँलाई आन्दोलनमा लागेकाले गर्दा तत्कालीन सई रामप्रसाद सुवेदी भन्ने प्रहरीले गिरफ्तार गरी विराटनगर डिएसपी कार्यालयमा ७ दिनसम्म थुनामा राखे । थुनामा राखिंदा डिएसपी कार्यालयमै उहाँले अनशन

बस्ने तयारी गर्नुभयो । त्यसपछि उहाँलाइ रिहा गरिएको थियो । अन्याय अत्याचारको विरुद्ध निरन्तर लाग्ने, आफ्नो जीवन नै संघर्षको बाटोमा अगाडि बढाइरहने योद्धा हुनुहुन्छ, नन्दा नेपाल ।

नन्दा नेपाललाई २०३६ सालमा पाठेघरको अप्रेसन गर्नुपरेको थियो । २०३६ सालको जनमत संग्रहको समयमा उहाँ अस्पतालको शैयामा हुनुहुन्थ्यो । त्यसबेला पनि बिरामी भेटघाटमा आउने सबैलाई बहुदलको पक्षमा निलो रङ गमा भोट खसालेर बहुदललाई जिताउनुपर्छ भनेर प्रचार गरिरहनु हुन्थ्यो । बहुदलको पक्षमा मत जाहेर गर्न सबैलाई आव्हान गर्नुहुन्थ्यो । नेपाली मजदूर आन्दोलनको विभिन्न कालखण्डमा सक्रिय नन्दा नेपाल आफ्नो जीवनको अन्तिम दुई वर्ष खुट्टाको जोर्नी खुस्किएको कारण बिछ्यौनामा पर्नुभयो । २०५७ सालमा ८७ वर्षको उमेरमा उहाँको दुःखद निधन भयो ।

नेपाली मजदूर आन्दोलनको इतिहासमा महिला सहभागिता खोज गर्ने र अभिलेख तयार गर्ने कुरालाई जिफन्ट केन्द्रीय महिला मजदूर विभागले गठन भएदेखि नै आफ्नो कामको सूचीमा राख्दै आएको थियो । नेतृ विन्दा पाण्डेले श्रमिक आन्दोलनमा महिला सहभागिताका बारेमा अध्ययन, अनुसन्धान थाल्नुभयो । यसै सिलसिलामा उहाँले नन्दा नेपाललाई भेटेर कुराकानी गर्नुभएको थियो । त्यतिखेर नन्दा नेपालले स्पष्टसँग बोल्न नसक्ने र कान पनि राम्ररी नसुन्ने अवस्थामा लर्बराउँदो स्वरमै भए पनि आन्दोलनको अनुभवको बारेमा उत्साहपूर्वक बताउनुभएको थियो ।

श्रमिक आन्दोलनमा नन्दा नेपालको भूमिका र साहस सम्पूर्ण श्रमजीवी नेपाली र आम नेपाली महिलाका लागि आदर्श र प्रेरणा बनेको छ। उहाँको संघर्षशील इतिहास वर्तमान र भविष्यको पुस्ताका लागि प्रेरणाको स्रोत बनिरहनेछ । उहाँको भौतिक शरीर नभए पनि उहाँले श्रमजीवी आन्दोलन, प्रजातान्त्रिक आन्दोलनमा गर्नुभएको योगदानको कीर्ति युगौंयुगसम्म गौरवगाथाका रूपमा रहिरहने छ। एउटी अदम्य साहसकी धनी एवम् आन्दोलनका प्रतीक अनशनी बज्यै नन्दा नेपालप्रति हाम्रो संस्मरण सधैं ताजा रहनेछ ।

-----------------------

**सन्दर्भ सामग्री**

१. नेपाली ट्रेड युनियन आन्दोलन : इतिहासलाई फर्केर हेर्दा - विष्णु रिमाल
२. नेपाली श्रमिक आन्दोलनमा महिला सहभागिता - विन्दा पाण्डे
३. श्रमिक महिला ।२०५५ । नेपाल ट्रेड युनियन महासङ्घ । अङ्क ७,